# घर जग्गा बहाल कर नियमावली, २०२४

नेपाल राजपत्रमा प्रकाशित मिति

२०२४।९।१०

घर जग्गा बहाल कर ऐन, २०२३ को दफा २० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "घर जग्गा बहाल कर नियमावली, २०२४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावली :-

(क) "ऐन" भन्नाले घर जग्गा बहाल कर ऐन, २०२३ सम्झनु पर्छ ।

(ख) "अनुसूची" भन्नाले यस नियमावलीको अनुसूची सम्झनु पर्छ ।

३. **विवरण दाखिल गर्ने:** (१) घर जग्गा धनीले ऐनको दफा ५ बमोजिम घर जग्गा बहालमा दिएमा त्यस्तो घर जग्गाको बिवरण अनुसूची १ बमोजिमको ढाँचामा भरी दाखिल गर्नुपर्छ ।

(२) बहालमा दिइराखेको घर जग्गा खाली हुन आएमा वा अर्को व्यक्तिलाई बहालमा दिएमा वा लिखतमा हेरफेर भएमा भएको व्यहोरा स्पष्ट खुलाई त्यसको बिवरण सम्बन्धित कर अधिकृत कहाँ दिनु पर्छ ।

(३) ऐनको दफा ५ को उपदफा (३) बमोजिम घर जग्गा धनीले बिवरण दाखिल गर्दा अनुसूची २ बमोजिमको ढाँचामा भरी बिवरण दाखिल गर्नुपर्छ ।

४. **करको निर्धारण** : ऐनको दफा ६ बमोजिम कर निर्धारण गर्दा सम्बन्धित कर अधिकृतले अनुसूची ३ बमोजिमको ढाँचामा निर्धारण गर्नुपर्छ ।

नेपाल कानून आयोग

५. **<u>बिवरण सच्याउन दिन सकिने</u>** : ऐन वा यस नियमावली बमाजिम पहिलो पटक बिवरण कर अड्डामा दाखिल भैसकेपछि बिवरण दाखिल गर्नेले भूल वा अन्य कारणले सच्याउन माग गरेमा त्यस्तो बिवरण कर अधिकृतले एक पटक सच्याउन दिन सक्नेछ । त्यसरी सच्याउन दिंदा अर्को रीतपूर्वकको बिवरण भरी दाखिल गर्नु गराउनु पर्छ ।

तर कर निर्धारण भैसकेपछि बिवरण सच्याउन दिइने छैन ।

६. **<u>ऐनको दफा १९ बमोजिम दिएको सूचनाको जाँचबुझ</u>** : ऐनको दफा १९ बमोजिम कुनै व्यक्तिले सम्बन्धित कर अधिकृत छेउ सूचना दिएकोमा कर अधिकृतले त्यस्तो सूचना दिने व्यक्तिलाई सनाखत गरी निजसंग रहेको सबुद प्रमाण सबै बुझ्नेछ । सूचना गर्ने व्यक्ति आफै वा निजको वारिस उपस्थित हुन नआएमा सम्बन्धित कर अधिकृतले आफ्नै कर्मचारीद्वारा बुझ्न लगाउने छ । यसरी बुझी आएको व्यहोरा कारवाई चलाउन पर्ने भन्ने सम्बन्धित अधिकृतको चित्तमा लागेमा निजले आवश्यक कारवाई चलाउनेछ । कारवाई चलाउन पर्याप्त कारण छैन भन्ने लागेमा छोटकरीमा आफ्नो राय व्यक्त गरी अर्थ मन्त्रालय कर विभागमा पठाउनु पर्छ ।

७. **<u>घर जग्गा बहाल कर सम्बन्धी मुद्दाको बहस पैरवी</u>** : कर अड्डाले गरेको कर निर्धारण र ऐन तथा नियमावली बमोजिम कर अड्डाले गरेको कारवाईको विरुद्ध कुनै व्यक्तिले प्रचलित नेपाल कानुन बमोजिम उजुरी पुनरावेदन वा कुनै किमिमको दावी गरेमा त्यस्तो कर सम्बन्धी मुद्दाको बहस पैरवी ♣<u>सरकारी वकील सम्बन्धी नियमावली, २०१७</u> को नियम ३२ को अधीनमा रही सम्बन्धित सरकारी वकिलले बहस पैरवी गर्नुपर्छ र त्यस्तो मुद्दाको बहस पैरवी निमित्त सरकारी वकिललाई आवश्यक सहयोग दिनु पनि सम्बन्धित कर अधिकृतको कर्तव्य हुनेछ ।

♣ हाल सरकारी वकील सम्बन्धी नियमावली,२०५५

# अनुसूची-१

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

श्री कर अड्डा ...................... अञ्चल

आर्थिक साल......... भित्रको कर लाग्ने घर जग्गा बहालको विवरण निम्न लेखिए बमोजिमको भएकोले घर जग्गा बहाल कर ऐनको म्यादभित्र दाखिल गरेको छु। फरक ठहरे प्रचलित नेपाल कानुन बमोजिम सहुँला बुझाउँला ।

| सिलसिलेवार | बहालको रकम | बहालमा दिएको घर जग्गाको बिवरण | बहालमा बस्नेको नाम ठेगाना | बहाल कबुलियत बमोजिम खर्चको फाँटवारी | कबुलियतको सिलसिलेवार नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|
| १.<br>२.<br>३.<br>४.<br>५. | | | | | | |
| जम्मा | | | | | | |

करदाताको नाम ......................................

ठेगाना ....................................

दस्खतख .................

दस्तखत गर्नेको नाम ....

ठेगाना...........................

मिति......................

नेपाल कानुन आयोग



www.lawcommission.gov.np

# अनुसूची-२

(नियम ३ को उपनियम (३) सँग सम्बन्धित)

श्री कर अड्डा ............... अञ्चल ।

आर्थिक साल ............. भित्र निम्न प्राप्त बहाल रकमको विवरण घर जग्गा बहाल कर ऐनको म्यादभित्र दाखिल गरेको छु । निम्न लेखिए बमोजिमको विवरण ठीक छ । फरक ठहेर प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

| सिलसिलेवार | पाएको वहाल रकम | बहालमा दिएको घर जग्गाको विवरण | बहालमा बस्नेको नाम ठेगाना | खर्च भएको रकम | कबुलियतको विवरण संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| जम्मा | | | | | | |

नेपाल कानुन आयोग

करदाताको नाम .......................

ठेगाना...................................

दस्तखत.....................

दस्तखत गर्नेको नाम.....

ठेगाना..................

मिति.............................

.

# अनुसूची–३

(नियम ४ सँग सम्बन्धित)

## कर निर्धारण फाराम

करदाताको नाम ..........................

ठेगाना...........................

करदाताको आर्थिक साल......................

कर निर्धारण गरेको आर्थिक साल............................

कर निर्धारण संख्या...............................

| १. प्राप्त कूल बहाल रकम | २. छूट पाएको खर्च रकम | ३. कर लाग्ने कूल बहाल रकम | ४. अग्रीम दाखिल गरेको बहाल करको अंक | ५. अब दाखिल गर्नुपर्ने करको अंक | ६. कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

बिवरण

जम्मा बहाल कर रु. ........................ । जरिवाना रु ............. समेत जम्मा अक्षरेपी रु.................. ३५ दिनभित्र । ............ ठाउँमा दाखिल गर्ने भौचर पाँच यसैसाथ छ । सो म्यादभित्र दाखिल नगर्नु भएमा ऐनको दफा १२ बमोजिम सरकारी बाँकी सरह सूद समेत असूल गरिनेछ ।

(कर अधिकृतको दस्तखत)

मिति .............................

टिप्पणी : नेपाल कानुन (संशोधन) ऐन, २०२४ द्वारा "अफिसर" को सट्टा "अधिकृत" राखी रूपान्तर गरिएको छ ।

नेपाल कानुन आयोग